# छत्रदेव जनस्वास्थ्य गतिविधी

## छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाद्वारा २०८२ भाद्र महिनामा सञ्चालित गतिविधिहरुको सङ्गालो

वर्षः २ | अंकः १४ | महिनाः आश्विन

### यस सामग्रीमा समावेश भएका विषयवस्तुहरुः

*१. २०८२ भाद्र महिनामा सञ्चालित क्रियाकलापको विवरण*
*२. आ.व. २०८१/०८२ को वार्षिक समीक्षा सम्बन्धी ,*
*३. भाद्र महिनामा सञ्चालित सेवा तथा कार्यक्रमको प्रगति सम्बन्धी ।*

### २०८२ भाद्र महिनामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा द्वारा सञ्चालित क्रियाकलापहरुः

*१. स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठक सम्पन्न ।*
*२. आ.व. २०८१/०८२ को वार्षिक समीक्षा  कार्यक्रम सम्पन्न ।*

### मासिक समीक्षा बैठक सम्पन्न

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरुको सहभागिता तथा स्वास्थ्य शाखा प्रमुखको अध्यक्षतामा श्रावण महिनाको मासिक समिक्षा बैठक २०८२ भाद्र ९ गते सम्पन्न भएको थियो । छत्रदेव गाउँपालिकामा सम्पन्न बैठकमा श्रावण महिनामा स्वास्थ्य संस्थाहरुमा सञ्चालित क्रियाकलापहरुको समीक्षा गरिएको थियो । महिनाभर सञ्चालित क्रियाकलापको प्रभावकारिता सम्बन्धमा आवश्यक छलफल गरी सुझाव लिनेदिने कार्य गरिएको थियो । स्वास्थ्य संस्थाहरुले DHIS2 मा तथ्याङ्क प्रविष्टी गर्ने कार्य पुरा गरेकोले स्वास्थ्य शाखाबाट भेरिफकेशन गरी तथ्याङ्कमा देखिएका समस्याहरुको बारेमा सुधारका लागि पृष्ठपोषण दिने लिने कार्य गरिएको थियो ।

उक्त बैठकमा स्वास्थ्य शाखाबाट औंल्याइएका सवल एवम् सकरात्मक कुराहरुलाई निरन्तरता दिँदै दुर्वल पक्षहरुमा सुधार गर्दै लैजाने र गाउँपालिकाको स्वास्थ्य शाखा र मातहतका स्वास्थ्य संस्थाहरुबाट सञ्चालन हुने क्रियाकलापहरु तथा सेवालाई थप व्यवस्थित बनाउँदै लैजाने निर्णय गरिएको थियो । साथै सबै स्वास्थ्य संस्थाले वार्षिक कार्ययोजनाबमोजिम क्रियाकलाप सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्नुका साथै समुदायमा डेंगी लगायतका किटजन्य रोगहरु देखापर्न सक्ने भएकाले जनच्तनामूलक क्रियाकलाप गर्ने निर्णयसमेत गरिएको थियो ।

### आ.व. २०८१/०८२ को वार्षिक समीक्षा  कार्यक्रम सम्पन्नः

कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा कार्यक्रमको प्रभावकारिता थाहा पाउन तथा थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधारात्मक उपायहरुको खोजी गर्न र कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको असर थाहा पाउन आवधिक रुपमा समीक्षा गर्नुपर्ने हुन्छ । स्थानीय तहहरुमा स्वास्थ्य सूचना व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउने उद्धेश्यले स्वास्थ्य संस्थावाट प्रदान गरेका सेवाको अभिलेख अनुसारको प्रतिवेदन भए नभएको एकिन गर्नुको साथै स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरुलाई लेखाजोखा गरी सञ्चालित स्वास्थ्य सम्बन्धी कार्यक्रमको लक्ष अनुसार प्रगतिको समीक्षा गरी स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने क्रममा देखापरेका समस्याहरुको पहिचान तथा समाधानका उपायहरुको खोजी गरी सुधार गर्न सहयोग गर्न आवधिक रुपमा समीक्षा गर्ने गरिन्छ ।

गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा सञ्चालित सम्पूर्ण स्वास्थ्य सम्बन्धी क्रियाकलापहरुको आ.व. २०८१/०८२ को वार्षिक समीक्षा गरी हरेक स्वास्थ्य कार्यक्रम सञ्चालनका क्रममा देखा परेका सवल तथा दुर्वल पक्षहरुको समेत अध्ययन गरी सेवा सञ्चालनमा देखा परेका समस्याहरुको समाधानका उपायहरुको खोजी गरी आवश्यक पृष्ठपोषण लिनुदिनुको साथै आगामी आर्थिक वर्षमा सञ्चालन गर्नुपर्ने सम्पूर्ण कार्यक्रमलाई थप प्रभावकारी बनाई लक्ष अनुरुपको उपलब्धि हासिल गर्न आवश्यक योजना निर्माण गर्नु कार्यक्रमको मुख्य उद्धेश्य हो ।

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिकाका अध्यक्ष श्री चन्द्रमान श्रेष्ठज्यूको अध्यक्षता, गाउँपालिकाका उपाध्यक्ष श्री मनी पन्थी, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री राजन पाण्डे, स्वास्थ्य कार्यालय अर्घाखाँचीका निमित्त प्रमुख श्री कृष्ण प्रसाद पोख्रेल तथा अधिकृत तथ्याङ्क श्री वजरङ्गी प्रसाद चौधरी, बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत डा किरण भुसालसमेतको आतिथ्यता एवम् स्वास्थ्य शाखा प्रमुख श्री बुद्धि राम न्यौपानेको सहजीकरण तथा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु, स्वास्थ्य संस्था प्रमुखहरु तथा सेवा प्रदायक स्वास्थ्यकर्मीहरु, छत्रदेव नागरिक आरोग्य केन्द्रका प्रमुख लगायतको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

## छत्रदेव गाउँपालिका तथा मातहतका निकायहरुबाट २०८२ श्रावण महिनामा प्रदान गरिएका सेवा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सेवाग्राहीको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | नयाँ सेवाग्राही | १७२७ | ११७८ | २९०५ | |
| २ | जम्मा सेवाग्राही/नयाँ तथा पुरानो | २१७५ | १४७९ | ३६७२ | |
| ३ | किशोर किशोरी सेवाग्राही संख्या | २११ | २०३ | ४१४ | |
| ४ | ज्येष्ठ नागरिक सेवाग्राही | ६७५ | ५९० | १२६५ | |
| ५ | बहिरंग सेवाका सेवा ग्राही नयाँ | १२८३ | ८७४ | २१५७ | |
| ६ | बहिरंग सेवाका सेवा ग्राही पुरानो | ७३३ | ५७१ | १३०४ | |
| ७ | नियमित खोप सेवा प्रदान गरिएको | | | १७० | |
| ८ | पूर्ण खोप पाएका बालबालिका | ७ | १० | १७ | |
| ९ | बृद्धि अनुगमन गरेको नयाँ ०-२३ महिनाका बालबालिका | | | २३ | औषत भेट २१ पटक |
| १० | बृद्धि अनुगमन गरेको पुराना ०-२३ महिनाका बालबालिका | | | ३९२ | |
| ११ | कम तौल भएका बालबालिका संख्या | ० | ० | ० | |
| १२ | पहिलो पटक गर्भजाँच गरेको संख्या | १० | | १० | |
| १३ | प्रोटोकल बमोजिम चार पटक गर्भजाँच गरेको संख्या | १७ | | १७ | |
| १४ | २० बर्ष मुनिका गर्भवती संख्या | ३ | | ३ | |
| १५ | प्रोटोकल बमोजिम आठ पटक गर्भजाँच गरेको संख्या | ८ | | ८ | |
| १६ | स्वास्थ्य संस्थामा प्रसूति संख्या | ४ | | ४ | |
| १७ | स्वास्थ्य संस्थामा CB-IMNCI मा सेवा दिएको | ८१ | १०४ | १८५ | |
| १८ | कण्डम वितरण गोटा | | | ५६२० | CPR 36.97 % |
| १९ | प.नि. साधन नयाँ प्रयोगकर्ता | २८ | | २८ | |
| २० | प.नि. साधन नयाँ प्रयोगकर्ता <२० बर्ष | १ | | १ | |
| २१ | प.नि. साधन लगातार प्रयोगकर्ता | ८२५ | ८५ | ९१० | |
| २२ | यस महिनामा दर्ता भएका क्षयरोगी | २ | ० | २ | |
| २३ | यस महिनामा दर्ता भएका कुष्ठरोगी | ० | ० | ० | |
| २४ | गाउँघर क्लिनिक | | | ५७६ | |
| २५ | म.स्वा.से. | | | १४३९ | |
| २६ | विपन्न नागरिक उपचार कोष सिफारिस | ० | ० | ० | |
| २७ | प्रदेश स्वास्थ्य उपचार विशेष सिफारिस | ० | ० | ० | |

## आ.व. २०८१/०८२ को वार्षिक समीक्षा......

उक्त कार्यक्रममा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आ.व. २०८१/०८२ मा सञ्चालन भएका क्रियाकलाप तथा सेवा प्रवाहको प्रगति गत तथा बिगत वर्षहरुसँग तुलना गरी विश्लेषण गर्ने प्रयास गरिएको थियो ।कार्यक्रमले आ.व. २०८१/०८२ मा गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको प्रगतिको अवस्थाको विश्लेषण गरी कमजोर पक्षलाई सुधार गर्दै चालु आर्थिक वर्षमा हरेक कार्यक्रम थप प्रभावकारी बनाउँदै लैजाने कुरामा सबैको प्रतिवद्धता जाहेर भएको थियो । कार्यक्रममा आ.व. २०८२/०८३ का लागि सङ्घीय सरकार तथा स्थानीय सरकारबाट स्वास्थ्य शाखा अन्तर्गतबाट सञ्चालन हुने गरी प्राप्त कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गर्न र तोकिएको समयमा क्रियाकलापहरु सम्पन्न गर्न स्वास्थ्य शाखाले निर्माण गरेको कार्ययोजना लाई अनुमोदन गरिएको थियो ।



**सम्पादकः**

**बुद्धि राम न्यौपाने**

**जनस्वास्थ्य अधिकृत**

**छत्रदेव गाउँपालिका**

छत्रदेव गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

स्वास्थ्य शाखा

छत्रगञ्ज, अर्घाखाँची